स्थानिय सरकार

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
वागमती प्रदेश
नेपाल

# कालिका नगरपालिका स्तरीय "निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि - २०८१"

कालिका नगरपालिकाको मिति २०८१ / ०९ / १९ गते सम्पन्न दोश्रो कार्यकालको छैटौं नगर सभाबाट पारित यो कालिका नगरपालिका स्तरीय "निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि – २०८१" कालिका नगरपालिका नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम (१) बमोजिम प्रमाणीकरण गर्दछु।

**प्रमाणीकरण मिति २०८१ / ०९ / २९**

नगर प्रमुख

.............................................
(बिनोद रेग्मी)
नगर प्रमुख

# कालिका नगरपालिका स्तरीय
# निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि - २०८१

## प्रस्तावना:

कालिका नगरपालिकाले सञ्चालन गर्ने पूर्वाधारहरू निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रण गरी, दिगो, सुरक्षित, व्यवस्थित र गुणस्तरयुक्त पूर्वाधारहरूको निर्माणको लागी नगरपालिकाले आफ्नै निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरी निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले, कालिका नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कालिका नगरपालिकाको दोश्रो कार्यकालको छैटौं नगरसभाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १
## सङ्क्षिप्त नाम र परिभाषा

**१. ससङ्क्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "कालिका नगर पालिकाको निर्माणकार्य तथा निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन समिति भन्नाले प्रयोगशाला सञ्चालनलाई व्यवस्थित बनाउन पालिका प्रमुखको अध्यक्षतामा गठित समिति बुझिन्छ।

ख) निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला भन्नाले कालिका नगरपालिकामा स्थापना भइ सञ्चालित निर्माण कार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशालालाई बुझिनेछ।

ग) निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर मापदण्ड : निर्माण कार्य तथा सामाग्रीहरूको गुणस्तर भन्नाले गुणस्तर सम्बन्धित योजनाको स्वीकृत Specification ले निर्धारण गरेबमोजिम तोकिएको मापदण्ड भनी बुझ्नु पर्नेछ।

घ) सेवाग्राही : सेवाग्राही भन्नाले कालिका नगर पालिकाको निर्माणकार्य तथा निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशालामा निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण एवं नमुना सङ्कलन सेवा लिन आउने कालिका नगरपालिका कार्यालयका सम्बन्धित शाखाहरू, विभिन्न सङ्घसंस्था, निकाय वा कार्यालयहरू वा व्यक्ति भनी बुझ्नु पर्नेछ।

ङ) प्रयोगशालाः प्रयोगशाला भन्नाले कालिका नगर पालिकाको निर्माणकार्य तथा निर्माण सामाग्रीहरूको नमुना सङ्कलन एवं गुणस्तर परीक्षण गर्न स्थापना भएको प्रयोगशाला भनी बुझ्नु पर्नेछ।

च) नगर कार्यपालिकाः नगर कार्यपालिका भन्नाले कालिका नगर पालिकाको, नगर कार्यपालिकालाई बुझ्नु पर्नेछ।



प्रमाणीकरण मिति २०८१/०९/२९

नगर प्रमुख

छ) गुणस्तर कायम गर्ने अधिकारी वा निकायः जिम्मेवारी प्रदत्त भन्नाले कुनैपनि योजना वा निर्माण कार्यको Specification र Quality assurance plan तयार, जाँच एवं स्वीकृत गर्न; योजना वा निर्माण कार्यको सुपरभिजन, गुणस्तर सुनिश्चितता (Assurance), निरीक्षण (Inspection) र नियन्त्रण (Control) गर्ने जिम्मेवारी प्रदत्त व्यक्ति, कर्मचारी, निर्माण व्यवसायि, निर्माण / उपभोक्ता समितिका पदाधिकारी, प्राविधिक इन्जिनियर, आयोजना प्रमुख वा निकाय / कार्यालय भनी बुझ्नु पर्नेछ।

ज) सरोकारवालाः सरोकारवाला भन्नाले कुनैपनि योजना वा निर्माण कार्य सँग सम्बन्धित सेवाग्राही वा जिम्मेवारी प्रदत्त व्यक्ति, कर्मचारी, निर्माण व्यवसायिक, निर्माण / उपभोक्ता समितिका पदाधिकारी, प्राविधिक इन्जिनियर, आयोजना प्रमुख वा निकाय भनी बुझ्नु पर्नेछ।

झ) सम्बन्धित पक्षः सम्बन्धित पक्ष भन्नाले सरोकारवाला लगायत सरोकारवाला सँग सम्बन्धित कार्यालयका सम्बन्धित शाखाहरू, विभिन्न संघसंस्था, निकाय वा कार्यालय वा व्यक्ति भनी बुझ्नु पर्नेछ।

ञ) निर्माण गुणस्तरः निर्माण गुणस्तर भन्नाले कुनैपनि व्यक्ति वा निकायले प्रयोगशालामा पेश गरेको निर्माण कार्य, निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरू एवं सङ्कलित नमुनाहरूको पूर्वाधार निर्माण वा सिभिल इन्जिनियरिङ विषयसँग सम्बन्धित परिमितीहरु को प्रयोगशाला परिक्षण बाट प्राप्त गुणस्तर मानक भनी बुझ्नु पर्नेछ।

ट) योजनाः योजना भन्नाले कुनैपनि व्यक्ति वा निकायले प्रचलित कानुन बमोजिम सञ्चालित योजना / आयोजना / परियोजना वा निर्माण कार्य

ठ) दैनिक प्रयोगशाला सञ्चालन खर्चः दैनिक प्रयोगशाला सञ्चालन खर्च भन्नाले प्रयोगशाला सञ्चालनका लागी आवश्यक पर्ने सामग्री, स्पेयर पर्ट, परीक्षणका लागि आवश्यक रसायन, मर्मत, सर्भिसिङ, Calibration, TADA, ईन्धन, सवारी साधन भाडा, मसलन्द, चिया, खाजा, खाना, बन्दोबस्ती, कर्मचारिको सेवा सुविधा उपलब्ध गराउन, औजारहरु खरिद गर्न, प्रयोगसालाको व्यवस्थापन एवं क्षमता बिस्तारको लागी खर्च गर्न, दैनिक ब्यबस्थापन तथा अतिरिक्त कार्यभार बापत खर्चहरु, बैठक भत्ता एवं "प्रयोगशाला व्यवस्थापन समिति" को निर्णय बमोजिमका अन्य खर्चहरु।

**३. लक्ष्य र उद्देश्य**

**(१) लक्ष्यः**

(क) कालिका नगरपालिकाले सञ्चालन गर्ने पूर्वाधारहरू निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रण गर्न निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्ने अभ्यासलाई प्रवर्द्धन गरी दिगो, सुरक्षित, व्यवस्थित र गुणस्तरयुक्त पूर्वाधारहरूको निर्माणको सुनिश्चितता गर्ने।

(ख) कालिका नगरपालिका क्षेत्र भित्र र क्षेत्र बाहिर समेत अन्य निकायहरूले सञ्चालन गर्ने पूर्वाधारहरू निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रण गर्न निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर परीक्षण गर्ने सेवा उपलब्ध गराउने।

**(२) उद्देश्य**

(क) कालिका नगरपालिकाले सञ्चालन गर्ने पूर्वाधारहरू निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रण कार्यका लगी प्रयोगशाला परिक्षण सेवा उपलब्ध गराई दिगो, सुरक्षित, व्यवस्थित र गुणस्तरयुक्त पूर्वाधारहरूको विकासमा नगरपालिको पहुँच अभिवृद्धि गर्ने।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

(ख) स्थानीय निर्माण सामग्रीहरू एवं स्थानीयस्तरमा हुने निर्माण कार्यहरूको गुणस्तर जाँचको सेवालाई दिगो, सर्वसुलभ र सहज रुपमा उपलब्ध बनाउने ।

(ग) स्थानीय जन समुदायमा निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तरबारे जनचेतना अभिवृद्धि गर्ने ।

(घ) उपभोक्ता समिति वा अन्य सेवा प्रदायकद्वारा गरिने निर्माण कार्य एवं निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रणका लागी गुणस्तर परिक्षण सेवा प्रदान गर्ने ।

## परिच्छेद २
## प्रयोगशालाको स्वामित्व, सञ्चालन र व्यवस्थापन:

**४. प्रयोगशालाको स्वामित्व र सञ्चालन :**

(१) यस नगर पालीका स्तरीय निर्माण सामाग्री तथा निर्माण कार्यहरूको गुणस्तर परीक्षण प्रयोगशालाको स्वामित्व, दैनिक सेवा प्रवाहको लागि आवश्यक व्यवस्थापन तथा सञ्चालनगर्ने सम्पूर्ण दायित्व र जिम्मेवारी कलिका नगरपालिकामा निहित रहने छ ।

**५. प्रयोगशाला व्यवस्थापन समिति:**

(१) यस प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालनका लागि देहायबमोजिम "प्रयोगशाला व्यवस्थापन समिति" रहने छ । उल्लेखित समितिमा देहाय बमोजिम सदस्यहरू हुनेछन् ।

(क) नगरपालिका प्रमुख - संयोजक
(ख) नगरपालिका उपप्रमुख - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य
(घ) पुर्वाधार बिकास समिति संयोजक - सदस्य
(ङ) कार्यपलिका सदश्यहरु मध्यबाट कार्यपालिका प्रमुखले तोकेको महिला सदश्य १ जना - सदस्य
(च) नगर पालिकाको आर्थिक प्रशासन वा राजश्व शाखा प्रमुख - सदस्य
(छ) नगर पालिकाको पूर्वाधार बिकास शाखा प्रमुख – सदस्य
(ज) नगर पालिकाको योजना / योजना अनुगमन शाखा प्रमुख - सदस्य
(झ) नगर पालिकाको सिभिल ईन्जिनियर – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएकी समितिले प्रयोगशाला ब्यवस्थापन तथ सञ्चालन सम्बन्धमा नियमन, व्यवस्थापन, अनुगमन, कर्मचारी व्यवस्थापन, बजेटको व्यवस्थापन लगाएतका भूमिका निर्वाह गर्ने छ।

(३) उपदफा (१) बमोजिम समितीका "सदस्य सचिव" ले "प्रयोगसाला ब्यवस्थापक ईन्जिनियर" को अतिरिक्त जिम्मेवारी समेत बहन गर्नेछ। यस प्रकार जिमेवरी तोकिने सिभिल ईन्जिनियर अधिकृत स्तर सातौ वा सो भन्दा माथील्लो पदको हुनेछ ।

(४) उपदफा (३) बमोजिम "प्रयोगसाला ब्यवस्थापक ईन्जिनियर" ले प्रयोगशालाका लागी तोकिएका कर्मचारीहरु खटनपटन, दैनिक सेवाप्रवाह व्यवस्थापन, प्रयोगशालाको नियमित अनुगमन, निरीक्षण तथा सञ्चालन लागयतको जिम्मेवारी बहन गर्नेछ।

**६. समितिको काम, कर्तव्य, अधिकार र समितिको बैठक सम्वन्धी व्यवस्था:**

(१) यस कार्यविधिको दफा (५) को उपदफा (१) अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

CamScanner

(क) प्रयोगशालाको दैनिक व्यवस्थापन र सेवा प्रवाहलाई चुस्त बनाउन आवश्यक दैनिक प्रशासनीक व्यवस्था मिलाउने।
(ख) सेवा प्रवाहका लागि कर्मचारी नियुक्ति गर्ने वा नियुक्त कर्मचारीले प्रयोगशालाको आवश्यकता अनुसार कार्यसम्पादन नगरेमा नियुक्ति बदर वा खारेजी गर्ने।
(ग) प्रचलित लेखा पद्दति बमोजिम प्रयोगशालाको आम्दानी र खर्चको नियमित आय-व्यय बिवरण राख्न लगाउने र उपलब्ध स्रोतको दफा (१५) अनुसार आम्दानी तथा राजस्वको बाँडफाँड गर्ने।
(घ) प्रयोगशाला र नगर कार्यपालीका बीचमा समन्वय र सेतुले कार्य गर्ने।
(ङ) प्रयोगशालाको दिगो व्यवस्थापन तथा सञ्चालनका लागि वार्षिक बजेट सहितको कार्यक्रम बनाउने र नगर कार्यपालीकामा पेश गर्ने।
(च) प्रयोगशालाको गुणस्तर अनुगमन गर्ने र राष्ट्रिय मापदण्ड कायम गर्ने गरी कार्य गर्ने।
(छ) प्रयोगशालाबाट सेवा प्रवाह (प्रयोगशाला परिक्षण, नमुना सङ्कलन लागयत कार्यहरु) का लागि उपभोक्ता वा सेवा प्रदायकले बुझाउनु पर्ने सेवा शुल्क / राजश्व दररेटहरु निर्धारण गर्ने एवं समयानुकूल संशोधन गरी स्विकृतिकालागी कार्यपालिकामा सिफारीश गर्ने।
(ज) प्रयोगशालाको नियमित व्यवस्थापन तथा सञ्चालनका लागि अन्य आवश्यक प्रबन्ध मिलाउने तथा नगर कार्यपालिकाले तोकेबमोजिम वा नगरपालिका सँगको सहकार्यमा आवश्यक अन्य कार्य गर्ने।
(झ) प्रयोगशालाको परिक्षण प्रतिबेदनमा, नमुना सङ्कलन लागयतमा प्रयोग हुने अनुसुचि, Format, आदि निर्धारण गरी. स्वीकृति गर्ने वा अध्यावधिक गर्ने।
(ञ) योगशालामा खटाईएका कर्मचारीको सेवा, सुविधा, भत्ता, बन्दोबस्ती, इन्धन, सवारी साधन लगायत ब्यबस्थापन एवं सुनिश्चित गर्ने।

**(२) प्रयोगशाला सञ्चालन समितिको बैठक र कार्यविधि :**

(क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा कम्तिमा महिनको एक पटक वा आवश्यकता अनुसार बस्नेछ।
(ख) बैठकको अध्यक्षता संयोजकले गर्नेछन। वैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछन्।
(ग) बैठक सञ्चालन सम्बन्धि अन्य व्यवस्था समितिले अफैले निर्धारण गरी लागु गर्न सक्नेछ।

## परिच्छेद ४
## निर्माण कार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षणको मापदण्ड र सेवा शुल्क

### ७. निर्माण सामाग्रि एवं निर्माण कार्यहरूको गुणस्तर परीक्षण मापदण्ड

(१) निर्माण सामाग्रि एवं निर्माण कार्यहरूको गुणस्तर मापदण्ड सम्बन्धित योजनाको स्वीकृत Specification र Quality assurance plan मा निर्धारण गरेबमोजिम हुनेछ।
(२) उपदफा (१) बमोजिम कुनै निश्चित योजना वा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर मापदण्ड निर्धारण गर्ने दायित्व सम्बन्धित निर्माण सामग्री उत्पादकको र गुणस्तर सुनिश्चितता (Assurance), निरीक्षण (Inspection) र नियन्त्रण (Control) गर्ने दायित्व उपदफा (१) बमोजिम तयार गर्ने, जाँच गर्ने र स्वीकृत गर्ने सम्बन्धित आयोजनाको गुणस्तर कायमगर्ने जिम्मेवारी प्रदत्त अधिकारीहरु हुनेछ।



*प्रमाणीकरण मिति २०८१ / ०९ / २१*

नगर प्रमुख

CamScanner

(३) उपदफा (१) र (२) बमोजिम कुनै निश्चित योजना हुने निर्माण सामाग्रीहरू एवं निर्माण कार्यको गुणस्तर मापदण्ड कायम गर्ने, गुणस्तर (निरिक्षण (Inspection) र गुणस्तर नियन्त्रण (Control) सम्बन्धित सम्पुर्ण जिम्मेवारी, जिम्मेवारी प्रदत्त प्राविधिक ईन्जिनियर, आयोजना प्रमुख वा निकायको हुनेछ।

(४) यस प्रयोगशालाले उपदफा (१) (२) र (३) बमोजिम जिम्मेवारी प्रदत्त प्राविधिक ईन्जिनियर, आयोजना प्रमुख वा निकायले पेशगरेको निर्माण सामाग्रि र निर्माण कार्यहरूको नमुनाहरूको प्रयोगसालामा उपलब्ध क्षमता बमोजिमका परिमिति परीक्षण गर्ने एवं निजहरुको सिफारिस बमोजिम रोहवरमा नमुना सङ्कलन गरी परिक्षण गर्ने सेवा प्रदान गरिनेछ।

(५) कालिका नगरपालिका कार्यालयबाट सञ्चालित योजनाको हकमा योजनाको प्रकृती अनुसार "प्रयोगशाला व्यवस्थापन समिति" ले प्रयोगशाला परिक्षण गर्ने न्युनतमा परिमिति तोक्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम यस प्रयोगशाला बाट जारि गरिने परिक्षण प्रतिबेदनले दफा (१४) को उपदफा (१) (क) बमोजिम पेश भएको नमुनाहरूको परिक्षण गर्दा वखत (तत्कालिन अवस्था) को गुणस्तरको अवस्थालाई मात्र प्रतिनिधित्व गर्ने छ।

## ८. प्रयोगशाला बाट उपलब्ध गराइने सेवा

(१) प्रयोगशालाले सेवा प्रदान हुन नसक्ने अबस्था बाहेक प्रयोगशालाको क्षमता, प्रयोगशालामा उपलब्ध परिक्षण उपकरणहरु (अनुसूची – १), उपकरणहरुको चालु अवस्था, जनशक्तीको उपलब्धता, उपलब्ध जनशक्तीको बिषयगत बिज्ञता, मुख्य उपकरणहरु सञ्चालन गर्न अवश्यकपर्ने अन्य सहायक उपकरणहरुको (सामाग्री तथा साधनहरु समेत) उपलब्धता एवं चालु अवस्था, सामाग्री तथा साधनहरुको मौजुदा अबस्था अनुसार निर्माण सामाग्रि एवं निर्माण कार्यहरुकालागी अनुकुल पारामितिहरुको गुणस्तर परीक्षण एवं नमुना सङ्कलन सेवाहरु प्रदान गर्नेछ। यसप्रकार अधिकतम रुपमा अनुसूची – १ (ग) बमोजिम पारामितिहरुको परीक्षण सेवाहरु प्रदान गर्नेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएता पनि कालिका नगरपालिका कार्यालयबाट सञ्चालित योजनाहरु को हकमा उपदफा (१) बाहेकका पारामितिहरुको प्रयोगशालामा परीक्षण एवं नमुना सङ्कलन सेवाहरु आबश्यक परेमा वा उपदफा (७) बमोजिम श्रृजित अवस्थामा दफा (१६) बमोजिम प्रयोगशालाले बहिरी निकायहरुबाट सेवा लिई प्रयोगशालामा परीक्षण एवं नमुना सङ्कलन सेवा प्रदान गर्नेछ। कालिका नगरपालिका कार्यालयबाट सञ्चालित योजनाहरु हकमा अनिवार्य रुपमा समपुर्ण परीक्षण एवं नमुना सङ्कलन सेवाहरु नगर प्रयोगशाला मार्फत लिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम प्रयोगशाला परिक्षण परिमितीहरु, सम्बन्धित आयोजनाको गुणस्तर कायम गर्ने अधिकारी वा निकायले तोके बमोजिम हुनेछन्। यस प्रकार तोकि पठउदा अनुसूची – ३ बमोजिम निबेदन र अनुसूची - ४ बमोजिम सिफारिस वा सम्बन्धित निकायले पत्र / निबेदनमा परिमिति उल्लेखगरि पठउनुपर्ने छ।

(४) कालिका नगरपालिका कार्यालयबाट सञ्चालित योजनाको हकमा योजनाहरुको उपदफा (३) बमोजिम परिमिति सिफारिस गर्दा प्रथमिक रुपमा दफा (१४) को उपदाफा (१) तोकिएका परिक्षण परिमिति र बजेटको अनुकुलता अनुसार अन्य आवश्यक परिमिति सिफारिस गर्नुपर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिम सेवा लिने प्रकृया दफा (१४) बमोजिम हुनेछ। प्रयोगशाला परीक्षण एवं नमुना सङ्कलन सेवाहरुको परिक्षण प्रतिबेदन अनुसुची – ५ अनुसार हुनेछ।

(६) उपदफा (२) बमोजिम प्रयोगशाला परिक्षण सेवा उपब्ध गराउदा प्रयोगसालाले सम्बन्धित सम्बन्धित आयोजनाको गुणस्तर कायम गर्ने अधिकारी वा निर्माण समिति / उपभोक्ता समिति / निर्माण ब्यबसायि सँगको समन्वयमा, समयको पावन्धी, पहुच, लागयतका आधारमा बहिरी निकायहरुबाट सेवा लिई प्रयोगशालामा परीक्षण एवं नमुना सङ्कलन सेवा प्रदान गर्नेछ। यस प्रकारको सेवा दिन प्रयोगशाला बाध्यहुने छैन।

प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख



CamScanner

(७) द्रष्टब्यः उपदफा (१) बमोजिम सेवा प्रदान हुन नसक्ने अबस्था भन्नाले प्रयोगशालामा सम्बन्धित परिक्षण उपकरणहरु उपलब्ध नहुनु, प्रयोगशालामा उपलब्ध परिक्षण उपकरणहरु चालु अवस्थामा नहुनु बिग्रनु, मुख्य उपकरणहरु सञ्चालन गर्न अवश्यकपर्ने अन्य सहायक उपकरणहरुको उपलब्ध नहुनु बिग्रनु, परिक्षणकालागी आबश्यक केमिकल, सामाग्री तथा साधनहरुको मौज्दात नहुनु, उपलब्धता जनशक्तीको अनुपस्थित हुनु, उपलब्ध जनशक्तीको बिषयगत बिज्ञता बाहिरको परिक्षण कार्य गर्नुपर्ने अबस्था श्रृजना हुनु, बिजुलि पावरसप्लाइ नियमित नहुनु वा अबरोध हुनु, प्रयोगसालाको क्षमता भन्दा बढी परिक्षण कार्य गर्नुपर्ने अबस्था श्रृजना हुनु, तेश्रोपक्षबाट परिक्षण गराई गुणस्तर भेरिफिकेसन गर्नुपर्ने अवस्था श्रृजना हुनु, लगायतका अबस्थाहरुलाई सेवा प्रदान हुननसक्ने अबस्थाका रुपमा बुझिने छ।

**९. प्रयोगशाला परिक्षण शुल्क (सेवा शुल्क)**

(१) यस प्रयोगशालालाई दिगो रुपमा सञ्चालन गर्नका लागि कर्मचारिको सेवा सुविधा, परीक्षणका लागि र आवश्यक सामग्री, रिएजेण्ट तथा औजारहरु, प्रयोगसालाको व्यवस्थापन एवं क्षमता बिस्तारको खर्च, दैनिक ब्यबस्थापन तथा अतिरिक्त कार्यभार बापत खर्चहरु आदि ब्यवस्थापन गर्नकालागि प्रयोगशाला परिक्षण शुल्क (सेवा शुल्क) निर्धारण गरिएको छ।

(२) उपदफा (१) बमोजिमको शुल्कको दर अनुसूची -२ वा कालिका नगरपालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ। तत्पश्चात अनुसूची - २ बमोजिम शुल्कको दर एवं प्रयोगशाला परिक्षणका परिमिती हरुको निर्धारण, संसोधन सम्बन्धमा दफा (५) को उपदफा (१) बमोजिम समितिको सिफारिसमा नगरपलिकाको निर्णयानुसार निर्धारण हुनेछ।

## परिच्छेद ५
## जनशक्ति व्यवस्थापन, क्षमता विकास र दिगोपना

**१०. प्रयोगशालाको जनशक्ति**

(१) प्रयोगशालाको नियमित व्यवस्थापन र संचालनको "प्रयोगशाला व्यवस्थापन समिति" को मातहतमा रहीकार्य सम्पादन गर्नेगरी देहाय बमोजिम पदहरुमा सेवा करारगरी कर्मचारी नियुक्ति गर्नेछ।

क) प्रयोगशाला ब्यबस्थापक (प्राविधिक सिभिल ईन्जिनियर)

ख) ल्याव एसिस्टेन्ट (सव – इन्जिनियर वा सो सरह)

ग) ल्याव टेक्निसियन (असिस्टेण्ट सव – इन्जिनियर वा सो सरह)

घ) कार्यालय सहयोगीः

ङ) हलुका सवारी चालक

(२) प्रयोगसालामा उपदफा (१) बमोजिम कर्मचारिहरुको दरवन्दी संख्या कम्तिमा एक एक जानको रहने छ। प्रयोगसालाको कार्यबोझ र आवश्यकताका आधारमा "प्रयोगशाला व्यवस्थापन समिति" ले उपदफा (१) (ख) र (ग) बमोजिम कर्मचारीहरु थपगर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्ति गरिने कर्मचारिबरुको शैक्षिक योग्यता एवं अन्य आवश्यक योग्यता देहाय बमोजिम हुने छ।

क) प्रयोगशाला ब्यबस्थापकको नियुक्ती यस कार्यविधिको दफा (५) को उपदफा (३) बमोजिम हुने छ।

ख) ल्याव एसिस्टेन्ट (सव – इन्जिनियर वा सो सरह)

- नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।
- नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसुर ठहर नभएको व्यक्ति।



प्रमाणीकरण मिति २०८१/०९/२९

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... बागमती प्रदेश, नेपाल

नगर प्रमुख

• सिभिल ईन्जिनियरिङ वा सिभिल ईन्जिनियरिङ मेटेरियल परिक्षण विषयमा न्यूनतम प्रविणता प्रमाणपत्र वा डिप्लोमा वा सो सरहको शैक्षीक योग्यता हासील गरेको।

• अनुभव, तालिम वा अन्य ब्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकोबमोजिम हुनेछन्।

ग) ल्याव टेक्निसियन (असिस्टेण्ट सव – इन्जिनियर वा सो सरह)

• नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।

• नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसुर ठहर नभएको व्यक्ति।

• टि एस एल सि / एस ई ई (सिभिल ईन्जिनियरिङ) वा एस. ई. ई. वा सो-सरह उतृण गरी सिभिल ईन्जिनियरिङ वा सिभिल ईन्जिनियरिङ मेटेरियल परिक्षण वा सो-सरहको विषयमा तालिम प्राप्त वा सम्बन्धित बिषयमा कम्तिमा एक बर्ष कार्यअनुभव हासील गरेको।

• अनुभव, तालिम वा अन्य ब्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकोबमोजिम हुनेछन्।

घ) कार्यालय सहयोगी:

• नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।

• नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसुर ठहर नभएको व्यक्ति।

• न्यूनतम आठौ कक्षा उतृण वा सो सरहको शैक्षीक योग्यता हासील गरेको।

• अनुभव, तालिम वा अन्य ब्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकोबमोजिम हुनेछन्।

ङ) हलुका सवारी चालक

• नियुक्ति हुदाका बखत १८ वर्ष उमेर पुरी ३५ वर्ष ननाघेको नेपाली नागरिक।

• नेपाल सरकारको प्रचलित कानून अनुसार फौजदारी अभियोग वा नैतीक पतन हुने कसुर ठहर नभएको व्यक्ति।

• न्यूनतम आठौ कक्षा उतृण वा सो सरहको शैक्षीक योग्यता हासील गरेको।

नेपाल सरकारको आधिकारिक निकाय बाट हलुका सवारि चालक अनुमति पत्र प्राप्त गरेको।

• अनुभव, तालिम वा अन्य ब्यवस्था "प्रयोगशाला व्यवस्थापन समिति" ले तोकोबमोजिम हुनेछन्।

**११. जनशक्तिको व्यवस्थापन एवं तलव तथा अन्य सुविधा**

(१) दफा (१०) को उपदफा (१) बमोजिम प्रयोगशालामा काम गर्ने गरी नियुक्त गरिएका कर्मचारिहरुले देहायबमोजिम तलव तथा अन्य सुविधा प्राप्त गर्ने छन।

(क) ल्याव एसिस्टेन्टः नेपाल सरकारको करार सेवा अन्तर्गत सहायक पाँचौ तह (सव – इन्जिनियर वा सो सरह) को कर्मचारी सरहको न्यूनतम मासिक तलब सुविधा उपलब्ध हुनेछ।

(ख) ल्याव टेक्निसियनः नेपाल सरकारको करार सेवा अन्तर्गत सहायक चौथो तह (असिस्टेन्ट सव – इन्जिनियर वा सो सरह) को कर्मचारी सरहको न्यूनतम मासिक तलब सुविधा उपलब्ध हुनेछ।

(ग) कार्यालय सहयोगीः नेपाल सरकारको करार सेवा अन्तर्गत श्रेणिबिहिन (कार्यालय सहयोगी वा सो सरह) को कर्मचारी सरहको न्यूनतम मासिक तलब सुविधा उपलब्ध हुनेछ।

(घ) हलुका सवारी चालकः नेपाल सरकारको करार सेवा अन्तर्गत हलुका सवारी चालक कर्मचारी सरहको न्यूनतम मासिक तलब सुविधा उपलब्ध हुनेछ।

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

CamScanner

(२) दफा (१०) को उपदफा (१) बमोजिमका नियमित कर्मचारीहरु नियुक्त नभएका पदहरुमा नगरपालिकाले बैकल्पिक व्यवस्थाको रुपमा नगर पालिकाको मौजुदा जनशक्तीलाई प्रयोगशालामा कार्यसम्पादनको थप अतिरिक्त जिम्मेवारी दिई प्रयोगशाला सञ्चालनमा ल्याउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दफा (१०) को उपदफा (१) (ख) र (ग) बमोजिमका कर्मचारीहरुको व्यवस्था हुन नसकेमा "प्रयोगशाला व्यवस्थापन समिति" ले प्रयोगशाला सञ्चालनमा ल्याउन बैकल्पिक व्यवस्थाको रुपमा सम्बन्धित प्राविधिक योग्यता पुगेको ब्यक्तिहरुलाई आम्सिक समायकालागी (Part Time) नियुक्त गरी प्रयोगशाला सञ्चालनमा ल्याउन सक्नेछ ।

(४) प्रयोगशाला परिक्षण सम्वन्धी राजश्व, सेवा शुल्क, दण्डजरिवना लागयातका आय एवं ब्याय सम्वन्धि लेखा व्यवस्थापन कार्य कालिका नगर पालिका कार्यलयको आर्थिक प्रशासन साखा प्रमुख वा निजले तोकेको कर्माचारीले गर्नेछ ।

(५) नगरपालिकाले उपदफा (२) बमोजिम थप/ अतिरिक्त जिम्मेवारी तोकिएका प्राविधीक कर्मचारीहरुलाई मासिक रुपमा अतिरीक्त भत्ता उपलब्ध गराउनेछ । यस प्रकार थप/ अतिरिक्त भत्ता सम्बन्धित प्राविधीक कर्मचारीले खाइपाई आएको मासिक तलवमानको २० (बिस) प्रतिसतले हुनआउने रकम बरावर हुनेछ ।

(६) उपदफा (४) बमोजिम थप/ अतिरिक्त जिम्मेवारी तोकिएको कर्मचारीहरुलाई नगरपालिकाले खाइपाई आएको मासिक तलवमानको १० (दस) प्रतिसतले हुनआउने रकम मासिक रुपमा अतिरीक्त भत्ता उपलब्ध गराउनेछ ।

(७) उपदफा (३) बमोजिम सेवा लिदा नगरपालिकाले सम्बन्धित कर्मचारिले सम्पादन गरेको प्रयोगशाला परिक्षण वापत सङ्कलित शुल्क (सेवा शुल्क) को कुल जम्मा रकम मध्य निश्चित प्रतिसत रकम परिश्रमिक उपलब्ध गराउने छ । यस प्रकारको प्रतिसत निर्धारण "प्रयोगशाला व्यवस्थापन समिति" को निर्णय बमोजिम हुनेछ ।

नोटः उपदफा (२) बमोजिम नियमित कर्मचारी भन्नाले प्रयोगसालाको स्वीकृत दरवन्दी मा नियमानुसार पुर्णकालिन रुपमा नियुक्त कर्मचारीलाइ बुझिनेछ ।

**१२. क्षमता विकासः**

(१) नगरपालिकाले दफा (१०) को उपदफा (१) (क), (ख) र (ग) बमोजिमका कर्मचारिहरुलाई नियमित रुपमा आवश्यकता अनुसार तालिम, क्षमता विकास एवं बृत्ति विकासको प्रवन्ध मिलाउने छ ।

(२) नगरपालिकाले दफा (८) बाहेकका पारामितिहरुको परीक्षण सेवा थपगर्न आवश्यकता र अनुकुलता अनुसार प्रयोगसालाको क्षमता बिस्तारगर्दै जानेछ ।

**१३. दिगोपना :**

(१) प्रयोगशालाई दिगो रुपमा सञ्चालन गर्न एवं सार्वजनिक निर्माण कार्यको गुणस्तर सुनिश्चता गर्न कालिका नगरपालिकाले सञ्चालन गर्ने हरेक पूर्वाधार निर्माण सँग सम्बन्धि योजनाका लागी दफा (१७) बमोजिम रकम विनियोजन गरी प्रयोगशाला परिक्षण शिर्षक अन्तरगत लगत ईष्टिमेटमा समावेस गर्नु पर्नेछ ।

(२) प्रयोगशालाको दिगो व्यवस्थापनकालागी दफा (१०) उपदफा (१) बमोजिमका कर्मचारिहरु र लेखा ब्यबस्थापन गर्न तोकिएको कर्मचारि लाई कुल नाफा आम्दानीको ५ (पाँच) प्रतिशत हुन आउने रकम वार्षिक रुपमा प्रोत्साहन प्रस्वरुप बोनस उपलब्ध गराउनेछ ।

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

## परिच्छेद ६
## विविध

### १४. परीक्षण सेवा लिने प्रकृया :

(१) कालिका नगरपालिका कार्यालयले सञ्चालित योजना वा निर्माण कार्यको हकमा गुणस्तर कायम गर्ने अधिकारी वा साखाले यस प्रयोगसालाबाट देहायबमोजिम प्रकृया अपनाई नमुना सङ्कलन तथा प्रयोगसाला परिक्षण सेवा लिन सकिने छ।

क) गुणस्तर कायम गर्ने अधिकारी वा निकायले अनिबार्य रुपमा सम्बन्धित योजना वा निर्माण कार्यको Quality assurance plan स्वीकृत गराई प्रयोगशालामा पेश गर्नु पर्नेछ। यसप्रकार Quality assurance plan स्वीकृत गराउदा प्रथमिक रुपमा दाफा (७) को उपदफा (५) बमोजिमा तोकिएका न्युनतमा परिक्षण परिमितिहरु र आवश्यकता अनुसार अन्य परिक्षण परिमितिहरु समाबेस गर्नुपर्नेछ।

ख) नमुना संकलन वा प्रयोगसाला परिक्षण सेवाका लागी गुणस्तर कायम गर्ने अधिकारी वा साखाले स्वीकृत Quality assurance plan अनुसार अनुसुची -३ र अनुसुची -४ बमोजिम फाराम भरी सिफारिस सहित परीक्षण गर्नुपर्ने नमूना र परिमितीहरु खुलाई प्रयोगशालामा पेश गर्नु पर्नेछ।

ग) उपदफा (१) (ख) बमोजिम पेश भएपश्चात सम्बन्धित पक्षहरुबाट नियमानुसार लाग्ने शुल्क / राजश्व जम्मा गराई प्रयोगशालाबाट परीक्षण वा नमुना संकलान सेवा प्रदान गरिने छ। यस प्रकारको शुल्क / राजश्व नगरपालिकाले तोके बमोजिम हुनेछ।

घ) उपदफा (१) (ख) बमोजिम स्थलगत रुपमा नमूना सङ्कलन गर्नुपर्ने अबस्थामा सम्बन्धित गुणस्तर कायम गर्ने अधिकारी वा साखाले प्रयोगशाला ब्यबस्थापक सँगको समन्वयमा नमूना सङ्कलन / परीक्षण समय निर्धारण एवं अन्य ब्यवस्थापकिय कार्य गर्नुपर्ने छ।

ङ) उपदफा (१) (घ) बमोजिम नमुना सङ्कलन गर्दा, सम्बन्धित योजना र गुणस्तर कायम गर्ने अधिकारी वा साखाले आवश्यकता अनुसार वडा प्रतिनीधीको रोहबरमा, सम्बन्धीत निर्माण समिति / उपभोक्ता समिति / निर्माण ब्यबसायिको प्रतिनिधी समेतको उपस्थितीमा नमुना सङ्कलन गर्ने ब्यबस्था मिलाउनुपर्ने छ। अन्यथा यसैप्रकार नमुना संकलन एवं पेश भएको मानिनेछ। यसप्रकार सङ्कलित नमुना सुरक्षित रुपमा प्रयोगशालामा बुझाउने दायित्व सम्बन्धित योजनाको गुणस्तर कायम गर्ने अधिकारी वा साखाको हुनेछ।

च) उपदफा (१) (घ) बमोजिम बमोजिम नमूनां सङ्कलन / नमुना परीक्षणका उपकरणहरू ढुवानिकालागी आवश्यक यातायात सेवा, आबस्यक पर्ने मजदुर लगायतका अन्य खर्चहरुसमेतको ब्यबस्थापन कालिका नगरपालिकाले गर्ने छ। यसप्रकार को समन्वय सम्बन्धित योजनाको गुणस्तर कायम गर्ने अधिकारी वा साखाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम नमुना संकलन देखी प्रयोगशाला परिक्षण कायहरुमा प्रयोगसालाको माग बमोजिम सहयोग र सहजिकरण गर्ने दायित्व सम्बन्धित योजनाको गुणस्तर कायम गर्ने अधिकारी वा साखाको हुनेछ। सम्बन्धित योजनाको गुणस्तर कायम गर्ने अधिकारी वा साखाको यसप्रकार प्रयोगसालाको माग बमोजिम सहयोग, समन्वय र सहजिकरण गर्नु पर्नेछ।

(३) कालिका नगरपालिका कार्यालय बाहेक अन्य ब्यक्ती, निकाय वा संस्थाले निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरूको गुणस्तर सुनिश्चितता एवं गुणस्तर नियन्त्रण सम्बन्धमा देहायबमोजिम प्रकृया अपनाई नमुना सङ्कलन तथा प्रयोगसाला परिक्षण सेवाहरु लिन सक्नेछन्।

क) प्रयोगशालाबाट नमुना सङ्कलन तथा प्रयोगसाला परिक्षण सेवा प्राप्तगर्न सम्बन्धित सेवाग्राही, संस्था, निकाय वा कार्यालय ले तोकिएको अनुसुचि फारमभरी अनुरोध पत्र / निबेदन र परीक्षण गर्नुपर्ने नमूनाका प्रयोगशालामा पेश गर्नु पर्नेछ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २१

नगर प्रमुख

ख) उपदफा (३) (क) बमोजिम पेश भएपश्चात सम्बन्धित पक्षहरुबाट नगरपालिकामा नियमानुसार लाग्ने शुल्क / राजश्व जम्मा भए पस्चात मात्र प्रयोगशालाबाट परीक्षण वा नमुना संकलान सेवा प्रदान गरिने छ। यस प्रकारको शुल्क / राजश्व नगरपालिकाले तोकेबमोजिम हुने छ।

ग) उपदफा (३) (क) बमोजिम परीक्षणको लागी नमुना पेश गर्दा सम्बन्धित सरोकारवाला समेतको उपस्थितीमा नमुना सङ्कलन गरी सिलबन्दी मुचुलका सहितको नमुना प्रयोगशालामा बुझाउनु पर्नेछ। अन्यथा यसैप्रकार नमुना पेश भएको मानिनेछ।

घ) उपदफा (३) (क) बमोजिम स्थलगत रुपमा नमूना संकलनगरी परीक्षणगर्नुपर्ने अवस्थामा सम्बन्धित सेवा ग्रहिले प्रयोगशाला ब्यबस्थापक सँगको समन्वयमा नमूना सङ्कलन एवं नमुना परीक्षण समय निर्धारण गर्नुपर्नेछ। यसप्रकार उपदफा (३)(ख) बमोजिम प्रयोगशालाबाट परीक्षण वा नमुना संकलान सेवा प्रदान गरिने छ।

ङ) उपदफा (३) (घ) बमोजिम स्थलगत रुपमा नमूना सङ्कलन एवं नमुना परीक्षणकालागी आवश्यकपर्ने प्रयोगशाला उपकरण, साधनहरु, सामाग्रीहरू र कर्मचारीहरु सुरक्षित रुपमा परीक्षण स्थलसम्म लैजने, परिक्षण कार्य गर्ने गराउने र कार्यालय सम्म ल्याउने लागयत सम्पुर्ण जिम्मेवारी उपदफा (३) (क) बमोजिम अनुरोध / निबेदन गर्ने व्यक्ति, संस्था, निकाय वा कार्यालयको हुनेछ।

च) उपदफा (३) (ङ) बमोजिम यातायात सेवा, इक्पमेन्ट ढुवानिको ब्यबस्था, खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता (TADA) एवं बन्दोवस्ती, आवस्यक पर्ने मजदुर लगायतका ब्यायभारहरुको ब्यबस्थापन उपदफा (३) (क) बमोजिम अनुरोध पत्र / निबेदन गर्ने व्यक्ति, संस्था, निकाय वा कार्यालयले गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिम प्रयोगशाला को माग बमोजिम नमुना संकलन देखी परिक्षण सम्मका कार्यहरुमा कार्यहरुमा प्रयगसालाका कर्मचारिहरुली सहयोग एवं सहजिकरण गर्ने दाईत्व उपदफा (३) (क) बमोजिम अनुरोध / निबेदन गर्ने व्यक्ति, संस्था, निकाय वा कार्यालयको हुनेछ।

(५) उपदफा (१) र (३) बमोजिम परिक्षण प्रतिबेदन अनुसुची – ५ अनुसार हुनेछ।

(६) नगर पालिका कार्यालयको उपदफा (१) बमोजिम कार्य ब्यस्तता एवं प्रयोगसालाको अनुकुलता अनुसार उपदफा (३) बमोजिम सेवा उपलब्ध गराउन नगरपालिका बाध्य हुने छैन।

## १५. श्रोत व्यवस्थापन :

(१) सम्बन्धित सेवाग्रही बाट प्राप्तहुने दफा (९) बमोजिम सेवा शुल्क / राजश्व, नगरपालिकाले बिनियोजन गरेको बजेट एवं अन्य नियमानुसार प्राप्त हुने रकम प्रयोगशालाको मुख्य अम्दानिका श्रोतहरु हुनेछन।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने आम्दानी रकमलाई नगरपालिकाको राजश्व साखाले नियमानुसार संकलन एवं आम्दानी ब्यवस्थापन गर्नेछ।

(३) उपदफा (१) बमोजिम आम्दानी मध्य मासिक रुपमा संकलीत सेवा शुल्क / राजश्व रकमको एकमुष्ट हिसाब बाट कायम हुने ५० (पचास) प्रतिशत रकम दैनिक प्रयोगशाला सञ्चालनका लागि "प्रयोगशाला व्यवस्थापन समिति" को निर्णय अनुसारका खर्चहरु गर्नेछ।

(४) प्रयोगसाला सञ्चालन सम्बन्धी खर्च तथा ब्ययहरु यस कार्यविधी बमोजिम हुनेछ। यस कार्यविधीमा उल्लेखित बाहेकको सन्दर्भ प्रचलित कानुन बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम बाँकी ५० (पचास) प्रतिशत रकम नगरपालीकाको आम्दानीको रुपमा मूलकोषमा जम्मा गरिनेछ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

(६) उपदफा (३) बमोजिम दैनिक प्रयोगशाला सञ्चालनका लागी रकम अपुग भएमा वा थप रकम आवश्यक भएमा सोको व्यवस्थापन "प्रयोगशाला व्यवस्थापन समिति" को सिफारिसमा नगरपालिकाले गर्नेछ।

(७) उपदफा (२) र (३) बमोजिम आय-व्ययको हिसाव किताव यस कार्यविधी र प्रचलित कानुन बमोजिम नगर पालीकाको आर्थिक प्रशासन शाखाले राख्ने छ। यस सम्बन्धमा नगर पालीका आर्थिक प्रशासन शाखाले नियमित रुपमा "प्रयोगशाला व्यवस्थापन समिति" समक्ष प्रतिवेदन पेश गर्नेछ।

**१६. सेवा लिन सक्ने:**

(१) प्रयोगसालाले दफा (८) को उपदफा (२) बमोजिम अवस्थामा कालिका नगरप्रालिकाले सञ्चालन गरेका पूर्वाधार निर्माण सम्बन्धी योजनहरुको हकमा अन्य सरकारी वा गैर सरकारी निकाय / सेवा प्रदायक संस्थाहरु बाट बाहिय प्रयोगसालाबाट नमूना सङ्कलन / नमुना परीक्षण सेवा लिन सक्नेछ।

(२) प्रयोगसालाले उपदफा (१) बमोजिम सेवा प्रदायकहरु बाट नमूना सङ्कलन / नमुना परीक्षणसेवा लिदा अनसुची – १ (ग) बमोजिम यस प्रयोगसालाबाट सेवा उपलब्ध गराइरहेका परिमिती हरुको हकमा नगरपालिकाले तोकेको दररेटमा मु. अ. कर समाबेसगर्दा कायमहुने दररेट भन्दा बढी दररेटमा भुक्तानीहुने गरी सेवा लिन पाइनेछैन। तर यसप्रकार नेपाल सरकार अन्तरगतका निकायको हकामा सम्बन्धित निकायले तोकेबमोजिम हुनेछ।

(३) यस प्रयोगसालाले उपदफा (२) बहेकको अबस्थामा उपदफा (१) बमोजिम सेवा प्रदायकहरु बाट नमूना सङ्कलन / नमुना परीक्षण सेवा लिदा सम्बन्धित सेवा प्रदायकको प्रस्ताबित दररेटमा भुक्तानीहुने गरी सेवालिन सक्नेछ।

**१७. सेवा सेवा शुल्क / राजश्व भुक्तानि सम्वन्धि व्यवस्था:**

(१) सम्बन्धित सेवाग्रही (ब्यक्ती / निर्माण समिति / उपभोक्ता समिति / निर्माण ब्यबसायि / निकायले) ले दफा (८) र (१४) सेवा प्राप्त गर्न दफा (९) बमोजिम र नियामनुसार लाग्ने अन्या सेवा शुल्क तथा राजश्व नगरपालिकामा अग्रिम रुपाम बुझाउनु पर्नेछ।

(२) दफा (१६) बमोजिम सेवा लिई कालिका नगरपालिकाले सञ्चालन गरेका पूर्वाधार निर्माण सम्बन्धी योजनहरु सेवा उपलब्ध गराउदा सम्बन्धित सेवा प्रदायक संस्थाहरुमा नियामनुसार लाग्ने सेवा शुल्क, राजश्व एवं अन्य शुल्क तता खर्चहरु अग्रिम रुपाम जम्मागर्ने / बुझाउने दाइत्व सम्बन्धित सेवाग्रही (ब्यक्ती / निर्माण समिति / उपभोक्ता समिति / निर्माण ब्यबसायि / निकाय) को हुनेछ।

**१७. निर्माणकार्य तथा सामाग्रीहरूको प्रयोगशाला परीक्षण बजेट ब्यंबस्थापन:**

१) कालिका नगरपालिकाबाट सञ्चालित योजनाहरुको हकमा स्वीकृत बजेट परिधि र Quality assurance plan (QAP) बमोजिम जिम्मेवरी तोकिएको प्राविधिक ईन्जिनियर वा जिम्मेवारी प्रदत्त आयोजना प्रमुख वा साखाले आवश्यक परिक्षणका परिमिति निर्क्योल गरी अनिबार्य रुपमा लगत ईस्टिमेट तयार गर्दानै प्रयोगशाला परिक्षण सम्वन्धी बजेट शिर्षक र रकम ब्यवस्थापन गर्नु पर्नेछ।

२) उपदफा (१) बमोजिम प्रयोगशाला परिक्षण सम्बन्धी शिर्षक र रकम ब्यवस्थापन गर्दा सम्बन्धीत योजनाको लागी बिनियोजित बजेट रु ५,००,०००।०० (पाँच लाख) वा सोभन्दा बढि भएका सवै योजनाहरुमा बिनियोजित बजेटको कम्तीमा १ (एक) प्रतिसत रकम प्रयोगशाला परिक्षणकालागी लगत ईस्टिमेटमा समाबेस गर्नु पर्नेछ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

CamScanner

३) उपदफा (२) बमोजिम वाहेक बजेट बिनियोजन भएका योजनाहरुको हकमा उपदफा (१) बमोजिम आवश्यकताका आधारमा सम्बन्धित योजनाको प्रयोगशाला परिक्षणकालागी बजेट ब्यबस्थापन हुनेगरी लगत ईस्टिमेटमा समाबेस गरी स्वीकृत गराउन सकिनेछ।

४) कालिका नगरपालिकाबाट सञ्चालित बिशेष प्रकारको पूर्वाधार निर्माण सम्बन्धी योजनाहरुको हकमा उपदफा (२) बमोजिम बजेट प्रयोगसाल परिक्षण कार्यकालागी अपुगहुने अबस्थमा जिम्मेवरी तोकिएको प्राविधिक ईन्जिनियर वा जिम्मेवारी प्रदत्त आयोजना प्रमुख वा साखाले औचित्य सहित थप रकम बिनियोजन गरी लगत ईस्टिमेटमा समाबेस गरी स्वीकृत गराउनु पर्नेछ।

**१८. अनुसूचिमा हेरफेर वा थपघट गर्न सक्ने :**

(१) सम्बन्धित अनुसूचिमा उल्लेखित ब्यवस्था अनुसार प्रयोगशाला ब्यवस्थापक / प्रयगोसालाका प्राविधिक वा "प्रयोगशाला व्यवस्थापन समिति" वा कार्यपालीकाको बैठकवाट अनुसूचिमा उल्लेखित विवरण, तथ्यांक तथा अन्य सूचनाहरु आवश्यकता अनुसार हेरफेर, थप व्याख्या वा धपघट गरि लागुगर्न सक्नेछ।

(२) उपदफा – (२) बमोजिम गरिएको अनुसूचिमा हेरफेर वा थपघट लाई कार्यपालीकाको बैठकवाट अनुमोदन गराई यसरी संशोधन गरिएको बाक्यांश वा विवरण संशोधनको संस्करण अनुसार एकै प्रतिमा संलग्न गर्दै जानु पर्ने छ।

नगर प्रमुख

(ग) उल्लेखित सामग्री तथा उपकरणहरु बाट अधिकतम देहायबमोजिम सेवाहरु प्रदान गरिनेछ ।

| S.N. | Name of the Test |
|---|---|
| 1 | Sieve Analysis |
| 2 | Moisture Content |
| 3 | Compressive strength |
| i | Concrete cube |
| ii | Mortar Cube |
| iii | Brick |
| 4 | Core cutting test |
| i | Asphalt concrete |
| ii | Cement concrete |
| 5 | Field density |
| i | Sub grade |
| ii | Sub Base |
| iii | Base |
| 6 | Rebound Hammer Test |
| 7 | Cube mound rent |
| 8 | Fine ness test of cement |
| 9 | Making Mortar Cubes (50mmX50mmX50mm) |
| 10 | Making Mortar Cubes (70.7mmX70.7mm) |
| 11 | Making Concrete Cube (150mm*150mm*150mm) |

नगर प्रमुख

## अनुसूची - २

(क) यस कार्यबिधिको को दाफ – ९ (२) सँग सम्बन्धीत राजश्व / सेवा शुल्क कलिका नगरपालिकाको आर्थिक ऐनमा (नगर सभाले) तोकिए बमोजिम हुनेछ।

(ख) यस अनुसुचिमा उल्लेखित बाहेकका प्रयोगशाला परिक्षणका परिमिती हरुको सेवा शुल्कहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछन्।

(ग) अनुसूचि २ मा उल्लेखित सेवा शुल्क दरहरु तथा परिमितीहरु आवश्यकता अनुसार "प्रयोगशाला व्यवस्थापन समिति" ले परिमार्जन तथा थपघट गर्न सक्नेछ।

(घ) आर्थिक बर्ष २०८१/०८२ कालागी यस कार्यबिधिको को दाफ – ९ (२) सँग सम्बन्धीत राजश्व / सेवा शुल्क दरहरु देहाय बमोजिम हुनेछन्।

| S.N. | Name of the Test | Rate (NRs.) | Unit |
|---|---|---|---|
| 1 | Sieve Analysis | 1000 | Per sample |
| 2 | Moisture Content | 500 | Per sample |
| 3 | Compressive strength | | |
| | Concrete cube | 150 | Per sample |
| | Mortar Cube | 150 | Per sample |
| | Brick | 300 | Per sample |
| 4 | Core cutting test | | |
| | Asphalt concrete | 1000 | Per hole |
| | Cement concrete | 1200 | Per hole |
| 5 | Field density | | |
| | Sub grade | 900 | Per hole |
| | Sub Base | 900 | Per hole |
| | Base | 900 | Per hole |
| 6 | Rebound Hammer Test | 300 | Per test |
| 7 | Cube mound rent | 100 | Per day |
| 8 | Fine ness test of cement | 500 | Per sample |
| 9 | Making Mortar Cubes (50mmX50mmX50mm) | 500 | Per test / Per Test |
| 10 | Making Mortar Cubes (70.7mmX70.7mm) | 700 | Per test / Per Test |
| 11 | Making Concrete Cube (150mm*150mm*150mm) | 500 | Per test / Per Test |
| 12 | The field management sample collection charge will be additional should manage by the beneficiary | | |

नगर प्रमुख



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

## अनुसिचि – ३

*दफा १४ को उपदफा (१)(ख)*

मिति: ...............................

श्री कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, कालिका, चितवन
नेपाल।

बिषय: प्रयोगशाला परिक्षण / नमुना सङ्कलन गरी प्रयोगशाला परिक्षण सम्बन्धमा।

मैले / हामिले देहाय बमोजिम निर्माण सामाग्री / निर्माण कार्यको नमुना सङ्कलन गरी तपसिलमा उल्लेखित परिक्षण परिमितीहरुमा प्रयोगशाला परिक्षणका लागि अनुसुची ४ बमोजिम सीफारिस सहित पेश गरेकोले "निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि – २०८१" एवं प्रचलित नियमानुसार प्रयोगशाला परिक्षण हुन अनुरोध छ।

<u>तपसिल</u>

योजना सञ्चालन गर्ने निकाय:
योजना कार्यान्वयन गर्ने निकाय:
योजना स्थल:
योजना संकेत नं. / ठेक्का नं. –
नमुना सङ्कलन मिति: नमुना सङ्कलन गरेको समय:

नमुना सम्बन्धी विवरण:

परिक्षण परिमितीहरु सम्बन्धी विवरण:

निबेदक:
नाम र पद:
हस्ताक्षर र मिती:
संपर्क फोन र छाप:



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

कार्यालय प्रयोजनका लागीः

| |
|---|
| कार्यालयमा पेशगर्दा बखत नमुना सम्वन्धी विवरण / कैफिएतः<br><br><br><br>नमुना पेशगर्नेको हस्ताक्षर र छापः नमुना बुझ्नेको नाम र हस्ताक्षरः |

सेवा शुल्क / राजश्व गणना प्रयोजनका लागीः

| |
|---|
| श्री राजश्व साखा, कालिका नगरपालिका कार्यालय, चितवन<br>प्रस्तुत प्रयोगशाला परिक्षण / नमुना सङ्कलन कार्यकालागी सम्बन्धित सेवाग्राहिबाट देहायबमोजिम देहाय बमोजिम सेवा शुल्क / राजश्व जम्मा गरीदिनुहुन ।<br><br><br><br>गणना गर्नेको नाम र हस्ताक्षरः |

राजश्व साखा प्रयोजनका लागीः

पेश भए वमोजिम, कालिका नगरपालिका कार्यालयमा मिती ...................................... मा रसिद नं. ...................................... बाट रू. .................. ............................ सेवा शुल्क / राजश्व दाखिला भएको ब्यहोरा प्रामाणित गरिन्छ ।

सेवा शुल्क / राजश्व बुझ्नेको नाम र हस्ताक्षर र छापः



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

नगर प्रमुख

## अनुसिचि – ४

*(दफा १४ को उपदफा (१)( ख) - सम्बन्धित योजनाकालागी गुणस्तर निरीक्षण (Inspection) र नियन्त्रण (Control) गर्न जिम्मेवारी प्रदत्त अधिकारी वा निकायले सिफारीस प्रयोजनका लागी:)*

मितिः ................................

श्री कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला
रेडक्रसग्राम, कालिका, चितवन
नेपाल।

**बिषयः प्रयोगशाला परिक्षण / नमुना सङ्कलन परिमितीहरु सिफारिस सम्वन्धमा।**

प्रस्तुत बिषयमा देहाय बमोजिम निर्माण सामाग्री / निर्माण कार्यको नमुना सङ्कलन गरी तपसिलमा उल्लेखित परिक्षण परिमितीहरुमा प्रयोगशाला परिक्षणका लागि सिफारिस गरेकोले “निर्माणकार्य तथा सामाग्रीहरूको गुणस्तर परीक्षण प्रयोगशाला व्यवस्थापन तथा सञ्चालन कार्यविधि – २०८१” एवं प्रचलित नियमानुसार प्रयोगशाला परिक्षण हुन अनुरोध छ।

<u>तपसिल</u>

योजना सञ्चालन गर्ने निकायः

योजना कार्यान्वयन गर्ने निकायः

योजना स्थलः

योजना संकेत नं. / ठेक्का नं. –

नमुना सङ्कलन मितिः नमुना सङ्कलन गरेको समयः

| परिक्षण परिमितीहरु सम्वन्धी विवरणः |
|---|
| |

सिफारिस गर्नेः

नाम र पदः

हस्ताक्षर र मितीः संपर्क फोनः छापः



नगर प्रमुख

प्रमाणीकरण मिति २०८१ / ०९ / २९

## अनुसुची – ५

दफा ८ को उपदफा (५)

(क) अनुसुची – ५ अन्तरगत प्रयोगशाला परिक्षण प्रतिबेदन (Test Report) गर्ने अनुसुचिहरु रहनेछन् ।

(ख) यस प्रकार प्रयगोसाला परिक्षण प्रतिबेदन (Test Report) गर्ने अनुसुचिहरु प्रयगोसाला परिक्षणका परिमिती अनुसार प्रयोगशाला ब्यवस्थापक वा प्रयगोसालाका प्राविधिकाले आवश्यकता अनुसार तय गरी प्रयगोसाला परिक्षण प्रतिबेदन गर्न सक्नेछन ।

(ग) प्रयोगशाला ब्यवस्थापक / प्रयगोसालाका प्राविधिकले आवश्यकता अनुसार प्रयगोसाला परिक्षण प्रतिबेदन (Test Report) गर्ने अनुसुचिहरु परिमार्जन गर्न र अनुसुचिहरु थप गर्न सक्नेछन ।



प्रमाणीकरण मिति २०८१ / ०९ / २९

CamScanner